त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इञ्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
Bulletin
GPO Box 1915, Pulchowk Lalitpur, Ph: 977-1-5521531, Fax: 5525830, www.ioe.edu.np, bulletin@ioe.edu.np

२०७८ साल चैत्र महिनाको बुलेटिन, प्रकाशन मितिः २०७९-०१-१५ (April 28, 2022), बर्ष २६ अंक ९, पुल्चोक, ललितपुर।

# इ. अ. सं. पूर्वाञ्चल क्याम्पस, धरानको ३८ औं बार्षिकोत्सव सम्पन्न

त्रि.वि. इन्जिनियरिङ् अध्ययन संस्थान पुर्वाञ्चल क्याम्पस धरानको ३८ औं वार्षिकोत्सव मिति २०७८ फागुन २५ गते वुधवार विविध कार्यक्रम गरी सम्पन्न भयो। कार्यक्रमका प्रमुख अतिथि त्रि. वि. सूचना प्रविधि नवप्रवर्तन केन्द्रका निर्देशक प्रा. डा. सुवर्ण शाक्यज्यू हुनु हुन्थ्यो भने विशिष्ट अतिथिमा त्रि. वि. कार्यकारी परिषदका पुर्व सदस्य प्राध्यापक डा. विनोद पराजुली हुनु हुन्थ्यो। उक्त कार्यक्रममा पुर्वाञ्चल क्याम्पसका प्रा. देउकुमार राउत र प्रा. डा. कमल बहादुर थापालाई कदर पत्र प्रदान गरी सम्मान गरिएको थियो। त्यसै गरी पूर्व क्याम्पस प्रमुख श्री जितेन्द्र चौधरी र अवकाश प्राप्त शिक्षक कर्मचारीहरुलाई पनि विदाई तथा सम्मान गरिएको थियो।



Figure 1: ३८ औं बार्षिकोत्सव समारोहका केही झलकहरु।

सोही अवसरमा क्याम्पसमा कार्यरत कर्मचारीहरु मध्ये उत्कृष्ट कार्य गर्ने कर्मचारी श्री प्रेमबहादुर मगरलाई उत्कृष्ट कर्मचारीको घोषणा गरी सम्मान तथा नगद पुरस्कार प्रदान गरिएको थियो भने कृषि इन्जिनियरिङ् विभागमा अध्ययनरत विद्यार्थीहरु माध्ये प्रल्हाद फुयाँल (२०७२ समुह प्रथम) र तुलशिराम पोखेल (२०७३ समुह प्रथम) लाई हुतराम वैद्य छात्रबृत्ति पुरस्कार प्रदान गरिएको थियो। वार्षिकोत्सवको अवसरमा क्याम्पसका प्राध्यापक र कर्मचारीहरु बिच मैत्रीपूर्ण फुटसल खेल समेत सम्पन्न भएको थियो।

# सम्पादकीय

## त्रि. वि. तालावन्दीको असर र स्थाई समाधानका उपायहरु

त्रि. वि. र यस अन्तर्गतका निकायहरुमा प्राय भैरहने तालाबन्धले समग्र शैक्षिक गितिविधिमा प्रत्यक्ष असर परेकोछ।शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुका विभिन्न संघ-संघठनहरुले मागहरु प्रस्तुत गर्दै सो पुरा नहुँदासम्म यस्ता तालाबन्दि गर्ने गरेको पाईन्छ। अन्तराष्ट्रिय प्रचलनलाई हेर्नेहो भने विश्वविद्यालयमा ताला लागी कामकारबाही ठप्प हुनु पक्कै पनि सकात्मक विषय हैन। संस्थाको नामै "विश्वविद्यालय" हुनाले यो संस्थाले विश्वमा प्रचलित मुल्य-मान्यता र प्रचलनलाई अनुशरण गर्नु पर्ने हुन्छ तर हामीकहाँ लामो समय सम्म तालावन्दीका कारण दैनिक तथा प्रशासनिक कार्यहरु ठप्प भैरहेको दृष्टान्तहरु छन। देशको भौगोलिक संरचना, राजनितिक व्यवस्था आदिमा थुप्रै मननयोग्य परिवर्तनहरु भएता पनि विश्वविद्यालयको अवस्थामा भने तात्विक परिवर्तन आएको देखिँदैन। अहिलेको प्रविधिमय र परिवर्तित विश्व अवस्थालाई मनन गरि राज्यले विश्वविद्यालय सञ्चालनलाई फरक दृष्टिकोणबाट नहेरे सम्म र गुणस्तरिय शिक्षाको लागि प्रतिवद्दता नदेखाए सम्म विश्वविद्यालयको अवस्थामा सुधार आउन सक्ने देखिंदैन। विश्वविद्यालयलाई राजनीतिमुक्त क्षेत्र घोषणा, अन्तराष्ट्रिय स्तरको प्रशासनिक तथा भौतिक संरचनाको निर्माण, बिद्यार्थीहरुलाई बैज्ञनिक-प्रयोगात्मक र अनुसन्धानात्मक शिक्षा प्रदानमा जोड, कर्मचारी तथा शिक्षकहरुको नियमित नयां भर्ना, क्षमता अभिबृद्दि र पदोन्नति आदिमा उच्च पारदर्शिता लगायत सवै शिक्षक/कर्मचारी/विद्यार्थी र पदासिनहरुले उचित कर्तव्य पालना सहित उच्च नैतिकता कायम राख्न सकेमा मात्र विश्वविद्यालयको साख जोगाउन सकिएला र यस्तो अवस्थामा सवैका जायज मागहरु तालाबन्द गर्नै नपरी आँफै पुरा हुँदै जानेछन, अनि सांच्चैको अन्तराष्ट्रिय स्तरको शैक्षिक संस्था निर्माण हुने आशा गर्न सकिन्छ।

# नियुक्ति / सरुवा / बढुवा / राजिनामा/अवकाश

इ. अ. सं. अन्तर्गतका आङ्गिक क्याम्पस र केन्द्रहरुमा त्रि. वि. तथा इ. अ. सं. को निर्णय बमोजिम २०७८ चैत्र महिनामा नियुक्ति, सरुवा, वढुवा, तथा अवकाश हुनु भएका र विभिन्न पदबाट राजिनामा गर्नुभएका शिक्षक तथा कर्मचारीहरुको विवरण तपसिल बमोजिम रहेको छ।

## तपसिल

| सि.नं. | नाम | पद | विवरण | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | डा.राम्जी तिमल्सिना | सह-प्राध्यापक | मिति २०७८/१०/०२ गते बसेको कार्यकारी परिषद्को बैठकको निर्णयानुसार त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पस, पुल्चोकमा अंग्रेजी विषयको सह-प्राध्यापक पदमा नियुक्त गरिएको र सोहि मिति देखि लागु हुनेगरी महेन्द्र बहुमुखी क्याम्पस धरानमा काजमा खाटाईएको। | २०७८/१०/०३ | त्रि.वि.रजिष्ट्रार कार्यालयको च.नं.३५९३।२०७८।०७९ को पत्र अनुसार |
| २ | श्री पुष्पराज पौड्याल | आर्थिक सह-नियन्त्रक | मिति २०७८/१०/२० गते बसेको कार्यकारी परिषद्को बैठकको निर्णयानुसार लेखा परीक्षण महाशाखा, त्रि.वि.कीर्तिपुरको आर्थिक सह-नियन्त्रक पदमा मिति २०७८/०९/२९ देखि लागू हुने गरी नियुक्त गरिएको । | २०७८/१०/२४ | त्रि.वि.रजिष्ट्रारको कार्यालय च.नं.३८४६।२०७८।०७९ को पत्र अनुसार |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | श्री विश्वास पोखरेल | प्रशिक्षक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पस इलेक्ट्रोनिक्स तथा कम्प्यूटर इन्जिनियरिङ्ग विभागको प्रशिक्षक पदबाट मिति २०७८/११/१८ गते देखि लागु हुने गरी दिनुभएको राजिनामा स्वीकृत भएको । | २०७८/११/२६ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.१९७३।२०७८।०७९ को पत्र अनुसार |
| ४ | श्री शोभा थापा | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं, थापाथली क्याम्पसको आर्किटेक्चर विभागको विभागीय उप-प्रमुख पदमा मिति २०७८/१२/०२ गते देखि लागू हुने गरी २ वर्षको लागि नियुक्त गरिएको । | २०७८/१२/०२ | इ.अ.सं.थापाथली क्याम्पसको च.नं.९९३।२०७८।०७९ को पत्र अनुसार |
| ५ | श्री राजु श्रेष्ठ | सहायक प्रशिक्षक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पस अन्तर्गत इलेक्ट्रीकल इन्जिनियरिङ्ग विभागको Lab Incharge (Machine) पदमा मिति २०७८/१०/०६ गते देखि अर्को व्यवस्था नभएसम्म २ वर्षको लागि पुन: नियुक्त गरिएको । | २०७८/१२/१३ | इ.अ.सं.थापाथली क्याम्पसको च.नं.२०९९।२०७८।०७९ को पत्र अनुसार |
| ६ | श्री गणेश भण्डारी | सहायक प्रशिक्षक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पस अन्तर्गत इलेक्ट्रीकल इन्जिनियरिङ्ग विभागको Lab Incharge (Circuit) पदमा मिति २०७८/१०/०६ गते देखि अर्को व्यवस्था नभएसम्म २ वर्षको लागि पुन: नियुक्त गरिएको । | २०७८/१२/१३ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.२१००।२०७८।०७९ को पत्र अनुसार |
| ७ | डा.गोपाल प्रसाद घिमिरे | सह-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पश्चिमाञ्चल क्याम्पसको सहायक क्याम्पस प्रमुख (शैक्षिक प्रशासन) पदबाट मिति २०७८/०९/०४ गते देखि लागु हुने गरी दिनुभएको राजिनामा स्वीकृत भएको । | २०७८/१२/१४ | इ.अ.सं.डीनको कार्यालयको च.नं.१६४०।२०७८।०७९ को पत्र अनुसार |
| ८ | डा.जगत कुमार श्रेष्ठ | सह-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पसको सह-प्रा.डा.जगत कुमार श्रेष्ठ नेपाल सरकार, उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय बुढीगण्डकी जल विद्युत आयोजनाको वातावरण, मुआब्जा वितरण, पूनर्वास तथा पूनस्थापना इकाईको संयोजक पदमा नियुक्ति गरेको हुँदा मिति २०७८/१२/०६ देखि २०७९/०७/१० सम्मको बेतलबि काज स्वीकृतका लागि त्रि.वि. मा शिफारिस भएको । | २०७८/११/३० | नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको प. स. ०७८/७९ नं ५१३ को पत्र अनुसार |
| ९ | डा.साहिरा जोशी | सह-प्राध्यापक | मिति २०७८/१०/१६ गते देखि लागू हुने गरी श्री पद्‌म कन्या बहुमुखी क्याम्पस, बागबजारको रसायनशास्त्र विषयको प्राध्यापक पदमा पदस्थापन रहने गरी नियुक्ति गरिएको र सोही मितिदेखि लागू हुने गरी त्रि.वि.इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकमा काजमा खटाईएको । | २०७८/१२/२१ | त्रि.वि.रजिष्ट्रार कार्यालयको च.नं.४५४०।२०७८।०७९ को पत्र अनुसार |
| १० | डा.राजेश्वरमान श्रेष्ठ | सह-प्राध्यापक | मिति २०७८/१०/१६ गते देखि लागू हुने गरी पाटन संयुक्त क्याम्पस, पाटनढोकाको रसायनशास्त्र विषयको प्राध्यापक पदमा पदस्थापन रहने गरी नियुक्ति गरिएको र सोही मिति देखि लागू हुने गरी त्रि.वि.इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकमा काजमा खटाईएको । | २०७८/१२/२१ | त्रि.वि.रजिष्ट्रार कार्यालयको च.नं.४५४३।२०७८।०७९ को पत्र अनुसार |
| ११ | डा.अरुण कुमार तिमल्सिना | सह-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पस अन्तर्गत इलेक्ट्रोनिक्स तथा कम्प्यूटर इन्जिनियरिङ्ग विभागमा संचालित M.Sc In Computer Engineering (Specialization Data Science and Analysis) विषयको प्रोग्राम को-अर्डिनेटर पदमा मिति २०७८/१२/०२ गते देखि लागू हुने गरी पुन: २ वर्ष लागि नियुक्ति गरिएको । | २०७८/१२/२१ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.२१५७।२०७८।०७९ को पत्र अनुसार |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | श्री नारायण बस्नेत | सह-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पसको सिभिल इन्जिनियरिङ्ग विभाग अन्तर्गत तेस्रो वर्ष प्रथम खण्ड २०७६ समूहका विद्यार्थीहरुको सर्भे क्याम्प संचालन गर्नका लागि संयोजक पदमा नियुक्ति गरिएको । | २०७८/१२/२१ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.२१५९।२०७८।०७९ को पत्र अनुसार |
| १३ | श्री जयराम महर्जन | उप-प्रशिक्षक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पसको सिभिल इन्जिनियरिङ्ग विभाग अन्तर्गत तेस्रो वर्ष प्रथम खण्ड २०७६ समूहका विद्यार्थीहरुको सर्भे क्याम्प संचालनको Instrumentation सम्बन्धी आवश्यक व्यवस्थापनका लागि उप-संयोजक पदमा नियुक्ति गरिएको । | २०७८/१२/२१ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.२१५८।२०७८।०७९ को पत्र अनुसार |
| १४ | श्री विश्वनाथ निरौला | बरिष्ठ ल्याब ब्वाई | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पसको सिभिल इन्जिनियरिङ्ग विभाग अन्तर्गत तेस्रो वर्ष प्रथम खण्ड २०७६ समूहका विद्यार्थीहरुको सर्भे क्याम्प संचालनको Logistic सम्बन्धी आवश्यक व्यवस्थापनका लागि उप-संयोजक पदमा नियुक्ति गरिएको । | २०७८/१२/२१ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.२१६०।२०७८।०७९ को पत्र अनुसार |
| १५ | डा.असिम रत्न बज्राचार्य | सह-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पस अन्तर्गत आर्किटेक्चर विभागमा संचालित M.Arch विषयको प्रोग्राम को-अर्डिनेटर पदमा मिति २०७८/१२/०१ गते देखि लागू हुने गरी पुनः २ वर्षको लागि नियुक्ति गरिएको । | २०७८/१२/२२ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.२१७०।२०७८।०७९ को पत्र अनुसार |

## विद्यावारिधी (Ph.D.) सोधकार्य सम्पन्न

इ. अ. सं. बाट २०७८ चैत्र महिनामा विद्यावारिधी शोध प्रस्तुत गर्नुहुनेहरुको नामावली निम्न बमोजिम छ।

| क्र. स. | शोधार्थीको नाम/थर | शोधको शीर्षक | उपाधी | पूरा भएको मिति |
|---|---|---|---|---|
| १. | Raju Laudari | Technical and Economics Analysis of Wind Energy in Nepal | Doctor of Philosophy in Applied Energy Economics | २०७८/१२/११ March 25, 2022 |

## अध्ययन बिदा

इ. अ. सं. का आंगिक क्याम्पसहरुबाट अध्ययन बिदामा बस्नुहुने शिक्षकहरुको नामावली।

| सि.नं. | नाम | क्याम्पस | अध्ययन विदा स्वीकृत (देखि) | अध्ययन विदा स्वीकृत (सम्म) | समयावधि | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उप-प्रा.सोनालाल प्रसाद चौरसिया | पूर्वाञ्चल क्याम्पस | २०७८/०९/११ | २०७९/०९/१० | १ वर्ष | २०७८/१२/१५ | इ.अ.सं.,डीन कार्यालयको च.नं.१६५४।०७८।०७९ को पत्र अनुसार |
| २ | उप-प्रा.बिमल घिमिरे | पूर्वाञ्चल क्याम्पस | २०७८/०२/०१ | २०७९/०१/३० | १ वर्ष | २०७८/१२/१५ | इ.अ.सं.,डीन कार्यालयको च.नं.१६५३।०७८।०७९ |

# त्रि. वि. इ. अ. सं. को आन्तरिक करार सेवामा पदपूर्ति सम्वन्धमा

त्रि.वि.इ.अ.सं., डीनको कार्यालय अन्तर्गतको पुल्चोक क्याम्पस, पुल्चोक, पूर्वाञ्चल क्याम्पस धरान, पश्चिमाञ्चल क्याम्पस लामाचौर पोखरा, चितवन इन्जिनियरिङ्ग क्याम्पस रामपुर, चितवन तथा त्रि.वि.इ.अ.सं.परामर्श सेवा,पुल्चोकका लागि विभिन्न विषयका शैक्षिक तथा प्रशासनिक पदमा इ.अ.सं.आन्तरिक करार सेवामा पदपूर्तिका लागि मिति २०७८-१२-११ गते गोरखा पत्र दैनिकमा यस सम्वन्धी बिज्ञापन प्रकाशन भएकोछ।


| बुलेटिन प्रकाशन परिवार | |
|---|---|
| प्रा. डा. शशीधर राम जोशी — संरक्षक | प्रा. डा. चिन्तामणी पोखरेल — संयोजक |
| प्रा. डा. सुशील ब. बज्राचार्य — सल्लाहकार | डा. बाबुराम दवाडी — सदस्य (सम्पादक) |
| प्रा. डा. ज्ञान ब. थापा — सल्लाहकार | विदुर ढकाल — सदस्य |
| प्रा. डा. राजेन्द्र श्रेष्ठ — सल्लाहकार | पूर्ण प्रसाद गौतम — सदस्य |
| | भिम बहादुर श्रेष्ठ — सदस्य सचिव |


**इ. अ. सं. का सवै क्याम्पस, सम्वन्धन प्राप्त कलेज, अनुशन्धान/परामर्श केन्द्र, शाखा/महाशाखाहरुलाई अनुरोध!**

सम्वन्धित संस्थाको उचित कार्यसम्पादन मुल्याङ्कन तथा उच्च पारदर्शीता कायम राख्न यस बुलेटिन प्रकाशनले अहम भूमिका खेल्ने अपेक्षा गरिएको छ।

तसर्थः हरेक महिना इ. अ. सं. का सवै क्याम्पस, सम्वन्धन प्राप्त कलेजहरु, सम्वन्धित विभागहरु, अनुसन्धान/परामर्श सेवा केन्द्रहरु, शाखा/महाशाखाहरु आदिले संस्था र सार्वजनिक सरोकारसँग सम्वन्धित गतिविधिहरु आर्को महिनाको पहिलो हप्ता भित्र इ. अ. सं. को इ-मेल bulletin@ioe.edu.np मा पठाई सहयोग गर्नुहुन बुलेटिन प्रकाशन समिति हार्दिक अनुरोध गर्दछ। साथै बुलेटिन प्रकाशन सम्वन्धमा कुनै Feedback/Comments र सुझावहरु भएमा सो समेत पठाउन अनुरोध गरिन्छ।

**इ. अ. सं. बुलेटिन प्रकाशन समिति**